# सर्वोच्च अदालत ऐन, २०४८

लालमोहर र प्रकाशन मिति

२०४८।७।२८

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| १. ◆गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।०७ |
| २. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ३. सर्वोच्च अदालत (पहिलो संशोधन) ऐन, २०७३ | २०७३।५।२७ |
| ४. ✹न्याय प्रशासन ऐन, २०७३ | २०७३।५।२७ |
| ५. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |

**२०४८ सालको ऐन नं. २९**

⏭ ..................

**सर्वोच्च अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : सर्वोच्च अदालतको सम्बन्धमा केही कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम सर्वोच्च अदालत ऐन, २०४८ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

▽(क) “संविधान” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) “प्रधान न्यायाधीश” भन्नाले नेपालको प्रधान न्यायाधीश सम्झनु पर्छ र सो शब्दले कायम मुकायम प्रधान न्यायाधीश समेतलाई जनाउँछ ।

▽(ग) “न्यायाधीश” भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले प्रधान न्यायाधीश समेतलाई जनाउँछ ।

(घ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

**३. सर्वोच्च अदालत रहने स्थान** : सर्वोच्च अदालत काठमाडौंमा रहनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✹ यो ऐन सम्वत् २०७३ साल असोज ३ गते देखि प्रारम्भ हुने गरी तोकिएको । (नेपाल राजपत्र २०७३।५।२९)

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▽ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

तर ⌘नेपाल सरकारसँग परामर्श गरी प्रधान न्यायाधीशले तोकेको स्थानमा पनि सर्वोच्च अदालतले इजलास कायम गरी आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न वा अन्य काम कारवाई गर्न सक्नेछ ।

४. **सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग** : (१) सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनवाई र किनारा गर्ने अधिकारको प्रयोग ●संवैधानिक इजलास, तोकिएबमोजिम एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशहरूको *संयुक्त इजलास, पूर्ण इजलास वा बृहज पूर्ण इजलास र संवैधानिक इजालसबाट हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक सर्वोच्च अदालतलाई भएको अन्य अधिकारको प्रयोग तोकिएबमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठक, समिति वा सर्वोच्च अदालतको *मुख्य रजिष्ट्रारबाट हुनेछ ।

📖४क. **आदेश जारी गर्ने :** सर्वोच्च अदालतले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्दा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

📖४ख. **समिति वा कार्यदल गठन गर्न सक्ने :** सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक वा प्रधान न्यायाधीशले दफा ४ मा उल्लिखित काम बाहेक अन्य कामको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गरी त्यस्तो समिति वा कार्यदलको काम, कर्तवय तथा कार्यवधि तोक्न सक्नेछ ।

✐५. ..................

📖५क. **सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहने :** सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । सर्वोच्च अदालतले गरेको फैसला, अन्तिम आदेश तथा तोकिएका न्यायिक कारबाई सम्बन्धी लिखत तोकिए बमोजिम सधैंका लागि सुरक्षित राखिनेछ ।

६. ✪.... .... ....

७. ⊗ ................

८. **शपथ** : प्रधान न्यायाधीशको पदमा नियुक्त व्यक्तिले ⌘राष्ट्रपति समक्ष र न्यायाधीशको पदमा नियुक्त व्यक्तिले प्रधान न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

*९. **मुख्य रजिष्ट्रार** : (१) सर्वोच्च अदालतमा एक जना मुख्य रजिष्ट्रार रहनेछ ।

---

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
📖 पहिलो संशोधद्वारा थप ।
✐ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज ।
✪ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।
⊗ न्याय प्रशासन ऐन, २०७३ द्वारा खारेज ।
⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
* पहिलो संशोधद्वारा संशोधित ।

(२) मुख्य रजिष्ट्रारले प्रधान न्यायाधीशको सामान्य निर्देशन र नियन्त्रमा रही सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) मुख्य रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजि हुनेछ ।

(४) मुख्य रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार र केही अधिकार रजिष्ट्रार वा मातहतका अधिकृत कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०.** ✪..... .... ....

**११.** **नियम बनउने अधिकार** : (१) सर्वोच्च अदालतले आफनो अधिकारक्षेत्रको प्रयोग तथा कार्यविधि व्यवस्थित गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ⏭ ............ देहायका विषयहरूमा नियम बनाउन सकिनेछ :-

*(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशको संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट गर्ने विषय ।

(ख) सर्वोच्च अदालतमा पुनरावेदन, साधक, पुनरावलोकन र मुद्दा दोहऱ्याउनको लागि दिइने निवेदनहरू सम्बन्धी विषय ।

(ग) ▽संविधानको धारा १३३ को उपधारा (१) र (२) अन्तर्गत पर्ने निवेदनपत्रहरू सम्बन्धी विषय ।

(घ) फौजदारी मुद्दामा तल्लो अदालतबाट कसुरदार ठहरी भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन दिने व्यक्तिलाई थुना वा कैदमा राख्ने वा धरौटी वा जमानतमा छाड्ने विषय ।

(ङ) अदालतको अवहेलना सम्बन्धी कार्यविधि ।

*(च) अदालतको प्रशासनिक काम कारबाई एवं न्यायिक कार्यविधि सम्बन्धी अन्य विषय ।

**१२.** **खारेजी**: सर्वोच्च अदालत ऐन, २०१९ खारेज गरिएको छ ।

---

✪ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

▽ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

## ⌘अनुसूची

(दफा ८ सँग सम्बन्धित)

## शपथ

म ... ... .... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, प्रचलित संविधान तथा अन्य कानुनप्रति पूर्ण निष्ठावान रही आफूले ग्रहण गरेको ... ... ...पदको जिम्मेवारी न्यायपालिकाको स्वच्छता र मर्यादा विपरीत नहुने गरी, कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीताका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक म पदमा बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

...............

मिति : हस्ताक्षर

नेपाल कानून आयोग

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।